## नेपाली कानून विद्यार्थी सञ्जाल (नेल्सा)को साधारणसभासमक्ष अनुमोदनका लागि प्रस्तुत विधानको प्रस्तावित संशोधन फारम

मिति २०६९ ०२ २८मा गरिएको विशेष साधारण सभाद्वारा पारित यस संस्थाको दोस्रो विधान संशोधन

| दफा, उपदफा | भइरहेको व्यवस्था / प्रावधान | संशोधन हुनपर्ने व्यवस्था / प्रावधान | संशोधनका औचित्य |
|---|---|---|---|
| ७ (१) (क) | यस विधानको दफा ८ बमोजिम योग्यता पुगेका कुनै पनि विद्यार्थीले तोकिएको प्रक्रिया अन्तर्गत रही आवेदन गरेमा यस संस्थाको साधारण सदस्यता प्राप्त गर्ने । | साधारण सदस्यता दिनुपूर्व ३ महिनाको परिक्षणकालमा राख्ने र पछि कार्यसमितिले अनुमोदन गरेपछि मात्र साधारण सदस्यता प्राप्त हुने । | संस्थाको सदस्यता संजाल विस्तार गरी बढी कानून बिद्यार्थीमा संस्थाको पहुँच पुयाउन र परिक्षण कालको व्यवस्था प्रतिबद्व सदस्यलाई मात्र साधारण सदस्यता दिन र संस्थाको सदस्यता दिने प्रणाली व्यवस्थापन गर्न । |
| ७ (१) (ङ) | नयाँ व्यवस्था (थप) | आवद्ध सदस्य :साधारण सदस्यता दिनुपूर्व ३ महिनाको परिक्षणकालमा रहेका प्रारम्भिक सदस्यहरु आवद्ध सदस्यको रुपमा रहने छन् । संस्थाको साधारण सदस्य भएपछि निजहरुको आवद्ध सदस्यता स्वत: समाप्त हुनेछ । | |
| ७ (२) | सल्लाहकारहरुको पदावधि २ वर्षको हुनेछ । | सल्लाहकारहरुको पदावधि १ वर्षको हुनेछ । | कार्यसमितिको पदावधि घटेको र संस्थामा क्रियाशिल सल्लाहकारहरु कायम गर्न । |

Scanned by CamScanner

## नेपाली कानून विद्यार्थी सञ्जाल (नेल्सा)को साधारणसभासमक्ष अनुमोदनका लागि प्रस्तुत विधानको प्रस्तावित संशोधन फारम

मिति २०६९/०२/२८मा गरिएको विशेष साधारण सभाद्वारा पारित यस संस्थाको दोस्रो विधान संशोधन

| | | | |
|---|---|---|---|
| ७ (२) (क) | नयाँ व्यवस्था (थप) | साथै यस संस्थाको संस्थापक अध्यक्ष संस्थाको संरक्षकको रुपमा रहनेछ । संरक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :<br><br>क)संस्थाको हितको लागि आवश्यक सल्लाह एवम् सहयोग गर्ने ।<br><br>ख ) आवश्यक पर्दा कार्यसमितिलाई मार्गदर्शन गर्ने । | संस्थामा क्रियाशिल सल्लाहकारहरु कायम गर्न ।<br><br>संस्थापक अध्यक्षको संस्थाको हित र संरक्षणको निम्ति भूमिका अभिवृद्धि गर्न । |

Scanned by CamScanner

नेपाली कानून विद्यार्थी सञ्जाल (नेल्सा)को साधारणसभासमक्ष अनुमोदनका लागि

प्रस्तुत विधानको प्रस्तावित संशोधन फारम

मिति २०६९. ०२. २८मा गरिएको विशेष साधारण सभाद्वारा पारित यस संस्थाको दोस्रो विधान संशोधन

| | | | |
|---|---|---|---|
| १३ (त) | कार्यसमितिको पदावधि २ वर्षको हुनेछ । प्रत्येक २ वर्षमा कार्यसमितिको चुनाव हुनेछ । | कार्यसमितिको पदावधि १ वर्षको हुनेछ । प्रत्येक १ वर्षमा कार्यसमितिको चुनाव हुनेछ । | क्रियाशील कार्यसमितिको निर्माण गर्न, संस्थाको अनूभवमा २ वर्षको कार्यकाल लामो हुने । १ वर्षको कार्यकाल भएकोले १ वर्षमा चुनाव गर्न । |
| १३ (ड) | नयाँ व्यवस्था (थप) | अन्यत्र जस्तोसुकै कुरा लेखिएको भएतापनि संस्थाको संरक्षकलाई आवश्यकतानसार कार्यसमितिको बैठकमा आमन्त्रण गरिनेछ । | संस्थाको कार्यसमितिलाई निर्णय प्रकृयामा सहयोग गर्न । |
| २३ (घ) | कार्यसमितिको निर्वाचन प्रत्येक २ वर्षमा साधारणसभामार्फत आम | कार्यसमितिको निर्वाचन प्रत्येक १ वर्षमा साधारणसभामार्फत आम सहमतिको आधारमा हुनेछ । | १ वर्षको कार्यकाल भएकोले १ वर्षमा चुनाव गर्न । |

Scanned by CamScanner

नेपाली कानून विद्यार्थी सञ्जाल (नेल्सा)को साधारणसभासमक्ष अनुमोदनका लागि

प्रस्तुत विधानको प्रस्तावित संशोधन फारम

मिति २०६९/०२ २८मा गरिएको विशेष साधारण सभाद्वारा पारित यस संस्थाको दोस्रो विधान संशोधन

| | | | |
|---|---|---|---|
| | सहमतिको आधारमा हुनेछ । | | |
| २४ | कार्यसमितिको उम्मेदवार हुनका लागि यस संस्थाको सदस्यता लिएको १ वर्षपछि मात्र कार्यसमितिको निर्वाचनमा भाग लिन र उम्मेदवार बन्न सक्नेछ । | कार्यसमितिको उम्मेदवार हुनका लागि यस संस्थाको सदस्यता लिएको ६ महिनापछि मात्र कार्यसमितिको निर्वाचनमा भाग लिन र उम्मेदवार बन्न सक्नेछ । | १ वर्षको कार्यकाल भएकोले र नयाँ साधारण सदस्यहरुलाई नेतृत्वको लागि प्रोत्साहन गर्न । |
| २४ (४)(३) | निर्वाचित भएको ६ महिना नपुगि वा प्रस्ताव विफल भएको ६ महिना नपुगि त्यस्तो संस्थाउपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन । | निर्वाचित भएको ६ महिना नपुगि वा प्रस्ताव विफल भएको ६ महिना नपुगि त्यस्तो सदस्य वा व्यक्तिउपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन । | व्यक्ति हुनुपर्ने ठाउँमा संस्था भएकोले । |
| अनुसूची २ | नयाँ व्यवस्था (थप) | विधानको अनुसूची २ मा देहायबमोजिमको शपथग्रहण ढाँचा थप गरिएको छ । | संस्थामा शपथ ग्रहणको व्यवस्था गर्न । |

Scanned by CamScanner

## अनुसूची २

### शपथग्रहणको ढाँचा

म.......................................................(नाम) नेपाली कानून विद्यार्थी सञ्जाल (नेल्सा) को केन्द्रीय इकाई कार्यसमितिको .......................................................पदमा निर्वाचित /मनोनित भएको यस घडीमा सत्यनिष्ठापूवृक यो शपथ गर्दछु कि मेरो कार्यकालमा यस संस्थाको अहित हुने कुनै कार्य गर्ने छैन । संस्थाको बृहद हितलाई ध्यानमा राख्दै यसको उन्नति, प्रगति र सम्वर्धनमा सदैव तण्पर र प्रतिबद्ध रहने छु ।

शपथग्रहण गराउनेको नामथर:

हस्ताक्षर:

पद:

मिति:

शपथग्रहण गर्नेको नामथर:

हस्ताक्षर:

पद:

मिति:

Scanned by CamScanner